**आकाशवाणी समाचार- नेपाली**

मितिः ३ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो घानाका राष्ट्रपति जोन महामासँग द्विपक्षीय सम्बन्धलाई सुदृढ र गहिरो बनाउने विभिन्न तरिकाहरूमा छलफल गर्नुभयो। उहाँ आफ्नो पाँच देशहरुको भ्रमणको दोस्रो चरणमा आज राति त्रिनिदाद र टोबागो पुग्नु हुनेछ।

२. विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले पाकिस्तानले भारत र अमेरिकाबीचको सम्बन्धलाई कुनै पनि हिसाबले असर गर्न नसक्ने बताउनु भएको छ।

३. लोकसभाका अध्यक्ष ओम बिरलाले आज हरियाणाको मानेसरमा राज्य र केन्द्र शासित प्रदेशका शहरी स्थानीय निकायका अध्यक्षहरूको पहिलो राष्ट्रिय स्तरको सम्मेलनको उद्घाटन गर्नु हुनेछ।

४. श्री अमरनाथजीको वार्षिक तीर्थयात्रा आज औपचारिक रूपमा दक्षिण कश्मीरको पहलगाम र मध्य कश्मीरको गन्दरबल जिल्लाको बालटाल दुवै मार्गबाट सुरु हुनेछ।

५. भारत र इङ्ल्यान्डबीचको एन्डरसन-तेन्डुलकर ट्रफी क्रिकेट शृङ्खलाको दोस्रो टेस्ट म्याचमा पहिलो दिन भारतले पाँच विकेटको नोक्सानमा ३१० रन बनाएको छ।

**प्रधानमन्त्री द्विपक्षीय**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो घानाका राष्ट्रपति जोन महामासँग आक्रास्थित जुबली हाउसमा द्विपक्षीय भेटवार्ता गर्नुभयो। दुई नेताले द्विपक्षीय सम्बन्धलाई सुदृढ र गहिरो बनाउने विभिन्न तरिकाहरूमा छलफल गर्नुभयो। वार्तापछि सांस्कृतिक आदानप्रदान र परम्परागत संगीतका क्षेत्रहरूसहित चार सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

**बाइट**

वार्तापछिको संयुक्त प्रेस विज्ञप्तिमा प्रधानमन्त्री मोदीले भारत-घाना साझेदारीलाई व्यापक साझेदारीमा उकास्ने निर्णय गरेको बताउनु भएको छ। उहाँले भन्नु भयो, भारत केवल एक साझेदार मात्र होइन तर घानाको राष्ट्र निर्माणको यात्रामा सहयात्री पनि हो।

**प्रधानमन्त्री घाना**

प्रधानमन्त्री नरेन्द्र मोदी घानाको राजकीय भ्रमणको क्रममा हिजो राति आक्रा पुग्नु भएको छ। घानाका राष्ट्रपति जॉन ड्रॉमनी महामाले विमानस्थलमा मोदीलाई औपचारिक स्वागत गर्नु भयो र गार्ड अफ अनरका साथ २१ तोपको सलामी दिनु भयो। त्यसपछि दुई नेताहरूले सीमित र प्रतिनिधिमण्डल स्तरको वार्ता गर्नु भयो। वार्तापछि जारी संयुक्त विज्ञप्तिमा, श्री मोदीले भारत-घाना साझेदारीलाई व्यापक साझेदारीको रुप दिने निर्णय गरेको घोषणा गर्नु भयो।

**बाइट – प्रधानमन्त्री**

**प्रधानमन्त्री त्रिनिदाद टोबागो भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो पाँच देशहरुको भ्रमणको दोस्रो चरणमा आज राति त्रिनिदाद र टोबागो पुग्नु हुनेछ। उहाँले त्रिनिदाद र टोबागोका राष्ट्रपति क्रिस्टीन कार्ला काङ्गलु र प्रधानमन्त्री कमला प्रसाद बिस्सेस्सारसँग वार्ता गर्नु हुनेछ र द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने तरिकाहरूबारे छलफल गर्न हुनेछ। हाम्रा संवाददाताले जानकारी दिए अनुसार यो भ्रमण ऐतिहासिक छ किनकि यो त्रिनिदाद र टोबागोमा भारतीय अप्रवासीहरूको आगमनको १८० औं वर्षगांठ हो।

**बाइट** –

**रिजिजु संसद**

संसदीय मामिला मन्त्री किरेन रिजिजुले २१ जुलाईदेखि २१ अगस्टसम्म संसदको मनसुन अधिवेशन बोलाउने सरकारको प्रस्तावलाई राष्ट्रपति द्रौपदी मुर्मुले अनुमोदन गरेको बताउनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्टमा श्री रिजिजुले स्वतन्त्रता दिवस समारोहलाई ध्यानमा राख्दै १३ र १४ अगस्टमा संसदको बैठक नहुने बताउनु भएको छ।

**जयशंकर पाकिस्तान**

विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले पाकिस्तानले भारत र अमेरिकाबीचको सम्बन्धलाई कुनै पनि हिसाबले असर गर्न नसक्ने बताउनु भएको छ। वाशिंगटनमा आयोजित पत्रकार सम्मेलनमा श्री जयशंकरले भारत-अमेरिका सम्बन्ध पारस्परिक हितमा आधारित रहेको बताउनु भयो। यसमा कुनै तेस्रो पक्षको संलग्नता छैन। उहाँले भन्नु भयो, हामीले अरूको आधारमा आफूलाई परिभाषित गर्न बन्द गर्नुपर्छ र भारत र अमेरिकाबीचको महत्त्वपूर्ण सम्बन्ध पारस्परिक हित, व्यापार, लगानी, प्रविधि, ऊर्जा र गतिशीलतामा आधारित व्यापक साझेदारी हो।अपरेशन सिन्दूरपछि भारत र पाकिस्तानबीच युद्धविराम ल्याएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबीलाई पनि विदेशमन्त्रीले अस्वीकार गर्नु भयो। भ्रमणको क्रममा, श्री जयशंकरले अमेरिकी विदेशमन्त्री मार्को रुबियो र अष्ट्रेलिया र जापानका विदेशमन्त्रीहरूसँग क्वाड मन्त्रीस्तरीय बैठकमा भाग लिनु भयो। उहाँले पहलगाम आक्रमणको कडा निन्दा गर्नु भयो। विदेशमन्त्रीले श्री रुबियो र अमेरिकी रक्षामन्त्री पिट हेगसेथ र ऊर्जा सचिव क्रिस राइटसँग छुट्टाछुट्टै भेटघाट गर्नु भयो।

**ओम बिरला-सम्मेलन**

लोकसभाका अध्यक्ष ओम बिरलाले आज हरियाणाको मानेसरमा राज्य र केन्द्र शासित प्रदेशका शहरी स्थानीय निकायका अध्यक्षहरूको पहिलो राष्ट्रिय स्तरको सम्मेलनको उद्घाटन गर्नु हुनेछ। यस दुई दिने सम्मेलनको विषयवस्तु – 'संवैधानिक लोकतन्त्र र राष्ट्र निर्माणलाई सुदृढ पार्न शहरी स्थानीय निकायहरूको भूमिका' रहेको छ। सम्मेलनको उद्देश्य द्रुत गतिमा शहरीकरण भइरहेको देशमा शहरी स्थानीय निकायहरूलाई एक महत्त्वपूर्ण प्लेटफर्म बनाउनु हो। कार्यक्रममा प्रतिनिधिहरूले संवैधानिक जनादेश पूरा गर्न नगरपालिका प्रशासनलाई अझ प्रभावकारी बनाउने र नागरिकहरूको सार्वजनिक वितरण र जीवनको गुणस्तर सुधार गर्ने लगायतका महत्त्वपूर्ण मुद्दाहरूमा छलफल गर्नेछन्।

**विदेश मन्त्रालय माली**

मालीको कायेसमा रहेको डायमण्ड सिमेन्ट कारखानामा कार्यरत तीन भारतीय नागरिकको अपहरणप्रति विदेश मन्त्रालयले गहिरो चिन्ता व्यक्त गरेको छ। यो घटना हिजो भएको थियो जब सशस्त्र आक्रमणकारीहरूको समूहले कारखाना परिसरमा समन्वित आक्रमण गरेर भारतीय नागरिकहरूलाई जबरजस्ती बन्धक बनाएको थियो। आतंककारीहरूले पश्चिमी र मध्य मालीमा धेरै स्थानहरूमा धेरै सैन्य र सरकारी प्रतिष्ठानहरूमा आक्रमण गरेका थिए भननी मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ।बामाकोस्थित भारतीय दूतावास माली सरकारका सम्बन्धित अधिकारीहरू, स्थानीय कानून प्रवर्तन एजेन्सीहरू र डायमण्ड सिमेन्ट कारखानाको व्यवस्थापनसँग निरन्तर सम्पर्कमा छ। मिसन अपहरण गरिएका भारतीय नागरिकहरूको परिवारका सदस्यहरूसँग पनि सम्पर्कमा छ।भारतले हिंसाको यो कार्यको स्पष्ट रूपमा निन्दा गर्दछ र अपहरण गरिएका भारतीय नागरिकहरूको सुरक्षित र चाँडो रिहाइ सुनिश्चित गर्न माली सरकारलाई सबै आवश्यक उपायहरू अपनाउन आह्वान गर्दछ। मन्त्रालयका वरिष्ठ अधिकारीहरूले विकसित अवस्थालाई नजिकबाट निगरानी गरिरहेका छन् र भारतीय नागरिकहरूको सुरक्षित र चाँडो रिहाइलाई सहज बनाउन विभिन्न स्तरमा संलग्न छन्।

विदेश मन्त्रालयले जोड दिएको छ कि विदेशमा रहेका भारतीय नागरिकहरूको सुरक्षा, सुरक्षा र कल्याण सरकारको लागि सर्वोच्च प्राथमिकताको विषय बनेको छ। मन्त्रालयले मालीमा बसोबास गर्ने सबै भारतीय नागरिकहरूलाई अत्यधिक सावधानी अपनाउन, सतर्क रहन र नियमित अपडेट र आवश्यक सहयोगको लागि बामाकोस्थित भारतीय दूतावाससँग नजिकको सम्पर्कमा रहन सल्लाह दिएको छ।

**अमरनाथ यात्रा**

श्री अमरनाथजीको वार्षिक तीर्थयात्रा आज औपचारिक रूपमा दक्षिण कश्मीरको पहलगाम र मध्य कश्मीरको गन्दरबल जिल्लाको बालटाल दुवै मार्गबाट सुरु हुनेछ। बाल्टाल मार्गबाट दुई हजार तीन सयभन्दा बढी तीर्थयात्रीहरू र पहलगाम मार्गबाट तीन हजारभन्दा बढी तीर्थयात्रीहरू बोकेका लगभग २९९ सवारी साधनहरू श्रीनगर जम्मू राष्ट्रिय राजमार्ग हुँदै सुरक्षित रूपमा कश्मीर घाटी पुगे।
तीर्थयात्रीहरू ‘‘बम बम भोले’’ र ‘‘बरफानी बाबा की जय’’ को नारा लगाउँदै गरेको देखियो। स्थानीय, नागरिक समाजका सदस्यहरू र जिल्ला प्रशासनले तीर्थयात्रीहरूलाई भव्य स्वागत गरे।

**बाइट**

यस वर्ष, देशभरबाट लाखौं तीर्थयात्रीहरू कश्मीरको पवित्र गुफाको भ्रमण गर्ने अपेक्षा गरिएको छ। पहलगाम आतंकवादी हमलालाई ध्यानमा राख्दै, पवित्र गुफामा तीर्थयात्रीहरूको सुरक्षित र निर्बाध पहुँच सुनिश्चित गर्न विस्तृत सुरक्षा व्यवस्था गरिएको छ।
यसअघि, उप राज्यपाल मनोज सिन्हाले हिजो बिहान जम्मूको भगवती नगर आधार शिविरबाट श्री अमरनाथ जीको पवित्र गुफामा तीर्थयात्रीहरूको पहिलो समूहलाई झण्डा देखाएर प्रस्थान गर्नु भएको थियो। उप राज्यपाल मनोज सिन्हाले सबै तीर्थयात्रीहरूलाई शुभकामना दिनु भएको थियो।

**जम्मू कश्मीर मुठभेड**

जम्मू कश्मीरको किश्तवार जिल्लाको चतरू क्षेत्रको घना जङ्गलमा आतंककारी र सुरक्षा बलबीच मुठभेड भएको छ। अधिकारीहरूले भने अनुसार आतंककारीहरूको उपस्थितिको सूचना पाएपछि पुलिसले सेना र सीआरपीएफसँगको सहकार्यमा साँझ ७:४५ बजे चतरूको कुछल क्षेत्रमा खोजी र घेराबन्दी अभियान सुरु गरेको थियो।
सुरक्षा खोजी दलहरूलाई देखेर आतंककारीहरूले गोली चलाएका थिए, जसपछि मुठभेड सुरु भएको थियो जुन अन्तिम रिपोर्ट आउन्जेलसम्म जारी थियो। क्षेत्रमा घेराबन्दी कडा पार्न र आतंककारीहरूलाई निष्क्रिय पार्न थप बल पठाइएको छ। आतंककारीहरूको संख्या दुईदेखि तीन हुन सक्ने बताइएको छ।
सेनाको जम्मूस्थित ह्वाइट नाइट कोर्प्सले सामाजिक सञ्जालमा पोस्ट गर्दै भनेको छ कि विशिष्ट गुप्तचरको आधारमा किश्तवारको कञ्जल मण्डुमा संयुक्त खोजी अभियान चलिरहेको छ।

**क्रिकेट**

बर्मिङ्घममा भारत र इङ्ल्यान्डबीचको एन्डरसन-तेन्डुलकर ट्रफी क्रिकेट शृङ्खलाको दोस्रो टेस्ट म्याचमा हिजो पहिलो दिनको अन्त्यसम्ममा भारतले पाँच विकेटको नोक्सानमा ३१० रन बनाएको थियो। कप्तान शुभमन गिल ११४ र रविन्द्र जडेजा ४१ रनका साथ क्रिजमा थिए। यशस्वी जयस्वालले ८७ रन बनाए। इङ्ल्यान्डका क्रिस अक्सले दुई विवेक लिएका छन्।यसअघि इङ्ल्यान्डले टस जितेर बलिङ गर्ने निर्णय गरेको थियो। भारतले आफ्नो टोलीमा तीन परिवर्तन गरेको छ। जसप्रित बुमराहलाई आराम दिइएको छ र आकाशदीपलाई उनको स्थानमा पहिलो पटक टेस्ट टोलीमा समावेश गरिएको छ। शार्दुल ठाकुर र साई सुदर्शनको स्थानमा वाशिंगटन सुन्दर र नितिश कुमार रेड्डीलाई टोलीमा समावेश गरिएको छ।
पाँच टेस्ट शृङ्खलाको पहिलो म्याचमा इङ्ल्यान्डले लिड्समा भारतलाई पाँच विकेटले पराजित गर्दै १-० को अग्रता लिएको छ।

****** ० ******